सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार, लमजुङ

# सुन्दरबजार नगरपालिका

## आठौं नगर सभा

## नीति तथा कार्यक्रम

(आ.व. २०७८/०७९)

सुन्दरबजार नगरपालिका

गण्डकी प्रदेश, नेपाल

आदरणीय नगर सभा सदस्यहरु

१. विश्वव्यापी रुपमा फैलिरहेको नोबल कोरोना भाइरसका उत्परिवर्तित नयाँ नयाँ भेरियण्टका कारण कोभिड-१९ महामारी नयाँ लहर सहित झनै जोखिमपूर्ण भइरहेकोवर्तमान विषम परिस्थितिका बीचयस सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम यस गरिमामय आठौं नगर सभामा प्रस्तुत गरिरहँदा एकातर्फ मैले आफूलाई गौरवान्वित महशुस गरेको छु भने अर्का तर्फ नगरबासीहरुको जीवन रक्षाको प्रश्नले मलाई अत्यन्त गम्भीर बनाएको छ। गत आर्थिक वर्षको नीति तथा कार्यक्रम पारित गर्दैगर्दा हामीले छैटौं नगरसभा मार्फत घोषणा गरेका थियौं -“मानव जातिले जित्नेछ, स्थानीय सरकार र नगरवासीको संयुक्त पहलकदमीमा यस महामारीलाई हामीले जित्नेछौं।” मानवजातिले कोरोना भाइरसलाई जित्ने प्रमुख हतियार खोपको आविष्कार गरेको छ। अरबौं डोज खोप उत्पादन गरेको छ, संसारभर खोप वितरण भइरहेको छ। आवश्यक मात्रामा खोप उत्पादन, समानुपातिक वितरण आदि चुनौतीपूर्ण भए पनि निकट भविष्यमा यी चुनौती पार गरिनेछ र कोरोना उपर मानव जातिको विजयको घोषणा हुनेछ। यही पवित्र आशा र विश्वासका साथ म यो नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

२. यस अवसरमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणका खातिर आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते योद्धाहरु तथा वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। मुलुकको राजनीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण अग्रज योद्धाहरुका प्रति हार्दिक सम्मान व्यक्त गर्दछु।

३. कोभिड-१९ माहामारीका कारण सिर्जित अकल्पनीय परिस्थितिका कारण विश्व मानवजाति जटिल संकटमा फँसेको छ, स्वास्थ्य सेवाको अपर्याप्तता संसारभरि छ, जसका कारण करोडौंमानिसहरु प्रभावित भएका छन् अनि संक्रमणबाट दशौं लाख मानिसहरुले ज्यान गुमाउनु परेको छ।कोभिड १९ को महामारीबाट ज्यान गुमाउनु भएका देश विदेशमा रहेका नेपाली दिदीबहिनी, दाजुभाइहरुतथा विश्वभरका बन्धुहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु साथै उपचारको क्रममा रहेका सम्पूर्ण संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

४. यस विषम परिस्थितिका विरुद्ध विश्व मानव जाति लडिरहेको छ, हामी पनि लडिरहेका छौं। विश्व मानव समुदायसँग ऐक्यबद्धता जनाइरहेका छौं। हामी यस वर्ष कोभिड १९ को दोस्रो लहरबाट प्रताडित छौं। गत वर्ष फाट्टफुट्ट समूहगत रुपमा देखिएको काभिड १९ यस वर्ष हाम्रो नगरपालिकाको समुदाय स्तरमै घुसेको छ।

पहिलो लहरमा मुख्य रुपमा रोकथाम तथा रोग निदानमा केन्द्रित हाम्रो स्वास्थ्य सेवा दोस्रो लहरमारोग निदान तथा उपचारमा केन्द्रित हुनु परेको छ । यसले हाम्रा स्वास्थ्यकर्मीहरुको थप सक्रियता र समर्पणको माग गरेको छ ।

पहिलो लहरका सिलसिलामा अपनाइएका हाम्रा स्वास्थ्य सुरक्षाका प्रयत्नहरुलाई आधारभूत रुपमा निरन्तरता दिंदै दोस्रो लहरमा थप प्रयत्न गरेका छौं । शंकास्पद संक्रमितको स्वास्थ्य परीक्षण तथा रोग निदान, उपचारात्मक सेवा तथा परामर्श कार्यलाई निरन्तरता दिइएको छ । संक्रमण पुष्टि भएका विरामीलाई निजको चाहना, उपलब्ध सुविधा तथा संक्रमणको अवस्थाका हेरी होम आइसोलेशनमा बस्न सक्ने व्यवस्था मिलाइएको छ ।

दोस्रो भेरियन्टको कोरोना कहरमा हालसम्म७० दिन contact tracing गरी ३ वटा स्टलमा स्वाब संकलन गरिएको छ । स्वाब संकलन गरिएका ७०७ जना मध्ये २९० जनाको कोरोना पोजिटिभ रिपोर्ट आएको छ । साथै ६ वटा केन्द्रमा ४१३ जनाको antigen test गर्दा ११७जनाको पोजिटिभ रिपोर्ट आएको छ ।

यस अवसरमा कोभिड-१९ को रोकुथाम र नियन्त्रणका लागि कष्टपूर्ण दिनचर्याका बावजुद नेपाल सरकारले घोषणा गरेको निषेधाज्ञा तथा स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण पालना गरी नगरपालिकाको कोभिड नियन्त्रणको अभियानमा सहयोग पुऱ्याउनुहुनेसम्पूर्ण नगरबासीहरु प्रति हृदयदेखि धन्यवाद व्यक्त गर्न चाहन्छु । स्वास्थ्यसेवामा अहोरात्र खटिनुहुने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी व्यवस्थापान कार्यमा संलग्न सबै राजनीतिक दलहरु, निजी क्षेत्र, सामुदायिक संघ संस्था, संचार जगत , जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु लगायत सम्पूर्ण नगरबासीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

५. कोभिड-१९ को महामारीका कारण आर्थिक तथा उत्पादन क्षेत्रमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै आर्थिक तथा उत्पादनका गतिविधिहरुलाई पुनर्जीवन दिन सामाजिका दूरी कायम गर्दै स्वास्थ्य सचेतनाका साथ सबै उद्यमी, व्यवसायी तथा आम जनसमुदायको ध्यान जानेछ भन्ने विश्वास लिएको छु ।

## नगर सभाका सदस्यज्यूहरु

६. वि.सं. २०७४ बैशाखमा भएको स्थानीय निर्वाचन मार्फत सुन्दरबजार नगरपालिकाको यो स्थानीय सरकारले चार वर्ष पूरा गरेको छ र आगामी आर्थिक वर्ष २०७८/७९ को यो नीति तथा कार्यक्रम यो स्थानीय सरकारको पाँचौं तथा अन्तिम नीति तथा कार्यक्रम हो । यसै सन्दर्भमा अब हुने स्थानीय निर्वाचन पछिको निर्वाचित सरकारलाई समेत आधार हुने गरी अत्यन्तै जिम्मेवारी बोधका साथ स्थानीय सरकारको प्रमुखको हैसियतमा यो नीति तथा कार्यक्रम पेश गरेको छु ।



जनकराज मिश्र
प्रमुख

७. यो आर्थिक वर्ष सुन्दरबजार नगर सरकारको अन्तिम वर्षको यो नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा विगत चार वर्षमा हामीले कोभिड नियन्त्रण तथा प्रतिकार्यको क्षेत्रमा,भौतिक पूर्वाधार, सामाजिक तथा मानवीय विकास, आर्थिक विकास लगायतका क्षेत्रमा उल्लेखनीय प्रगति तथा उपलब्धी हासिल गरेका छौं, यसको छुट्टै चर्चा हुने नै छ ।

**नगर सभाका सदस्यज्यूहरु**

अब म आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रमका सिद्धान्तहरु यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

८. **जीवन पहिला** भन्ने मान्यताका साथ अन्य गतिविधि सँगसँगै वा आवश्यक परे अन्य गतिविधि एकातिर पन्छाएर भए पनि कोभिड १९ को विश्वव्यापी महामारीबाट जनताको जीवन रक्षा गर्नुपर्नेछ । यसका लागि जनचेतना वृद्धि, रोग निदान र उपचार तथा परामर्शका लागि स्वास्थ्यकर्मी परिचालन, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाहरुको क्षमता विकास, स्वास्थ्य सुविधाको बढोत्तरी, आइसोलेशन व्यवस्थापन, लजिष्टिक सहायता आदि कार्य गर्नु आजको प्रमुख आवश्यकता हो । यसका लागि नगरपालिकाको सम्पूर्ण ध्यान जानुपर्छ र सोही अनुसार जनशक्ति परिचालन गर्नुपर्नेछ ।

९. क्रोरोनाले नागरिकको जीवन पछि धेरै असर पारेको क्षेत्र शिक्षा हो । शैक्षिक सत्र २०७६ मा विद्यालय सञ्चालनमा सानातिना अवरोध आए पनि परीक्षा सञ्चालन बाहेक सिकाइ प्रक्रियामा खासै असर परेन । तर कोरोनाको प्रथम लहरको जोखिमका बीच शैक्षिक सत्र २०७७ मा निकै छोटो समय मात्रै विद्यालयहरु सञ्चालन भए । विद्यार्थीको सिकाइ प्रक्रियामा गम्भीर असर पर्‍यो । चालु शैक्षिक सत्र २०७८ शुरुदेखि नै अवरुद्ध छ । कस्तो असर पर्ला भनेर किटानी गर्न नसकिए पनि सहज नहुने कुरा स्पष्ट छ ।

विद्यालय सञ्चालन नभएको अवस्थामा अस्थायी सिकाइ केन्द्र सञ्चालन, अनलाइन सिकाइ जस्ता पद्धति अवलम्बन गरिएको भए पनि यी पद्धति त्यति प्रभावकारी हुन सकेनन् ।

इन्टरनेटको कमजोर पहुँच, विद्यार्थी तथा शिक्षकमा डिभाइसको अभाव, आधुनिक सूचना तथा सञ्चार प्रविधि सम्बन्धी ज्ञानको कमी, अनलाइन सिकाइ प्रति अभिभावकको विश्वासको कमी जस्ता कारणले एकातर्फ अनलाइन शिक्षाले कुल विद्यार्थीको अत्यन्तै कम संख्या मात्रै समेट्न सक्यो भने अनलाइन कक्षाहरु पनि सोचे जस्तो प्रभावकारी हुन सकेनन् ।



जनकराज मिश्र

प्रमुख

कोरोनाका कारणले मुर्झाएको सिकाइ प्रक्रियालाई मौलाउने गरी पुनर्जीवन दिनु यो नीति तथा कार्यक्रमको प्राथमिकताको विषय हो ।

तसर्थ सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्दै लगभग अवरुद्ध भएको शिक्षा प्रणालीलाई फरक तर प्रभावकारी तरिकाले पुनर्जागृत गराउनु आगामी वर्षको नीति तथा कार्यक्रमको लक्ष्य हुनेछ ।

१०. कोभिड १९ को दोस्रो लहरले सिर्जना गरेको विषम परिस्थितिको प्रभावलाई न्यूनीकरण गर्दै नगरपालिका क्षेत्र भित्रको विकास गतिविधिलाई पुनर्जागृत गराउनु परेको छ, यो आजको आवश्यकता हो ।

११. विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोनाका कारण जीविका निर्वाहका लागि विदेश तथा स्वदेशका विभिन्न शहरमा गई पेशा व्यवसाय गरेका यस नगरपालिकाका नागरिकहरु गाउँ फर्किने सिलसिला चलेको छ । जसका कारण एकै साथ हाम्रा सामु चुनौती र अवसरहरु थपिएका छन् ।स्वदेश तथा विदेशमा सिकेका ज्ञान, सीप र दक्षताको सही परिचालन मार्फत रोजगारी तथा स्व रोजगारी सिर्जना गरेर नगरपालिकाको आर्थिक, सामाजिक विकासमा महत्वपूर्ण योगदान गर्न सकिन्छ । यो जनशक्तिलाई बुद्धिमत्तापूर्ण ढंगले विकास निर्माणमा परिचालन गर्नु पर्नेछ ।

१२. नीति तथा कार्यक्रमको सिद्धान्त तयार गर्दा मैले लोक कल्याणकारी राज्यको अवधारणा, संविधानले निर्दिष्ट गरेको समाजवाद उन्मुख आर्थिक प्रणाली, नेपाल सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र सुन्दरबजार नगरबासीहरुको जनआकांक्षालाई मार्गदर्शनका रुपमा लिएको छु ।

१३. दीगो विकास लक्ष्यहरु, पन्ध्रौं पञ्चवर्षीय योजना, नगरपालिकाका विगतका योजना तथा कार्यक्रमहरु, सुन्दरबजार नगरपालिकाको निर्वाचनका क्रममा विभिन्न दलहरुले अघि सारेका चुनाव घोषणा पत्रहरुलाई नीति तथा कार्यक्रमको सिद्धान्तका सन्दर्भ सामग्री तथा स्रोत सामग्रीका रुपमा ग्रहण गरेको छु ।

१४. विकासको प्रतिफल तल्लो वर्गका जनतामा पुग्ने गरी उत्पादन, भण्डारण तथा वितरण प्रणाली र विकास गतिविधि सञ्चालन गर्दै **आत्मनिर्भर सुन्दरबजार** निर्माण गर्ने तर्फ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम निर्देशित हुनेछ ।

१५. कृषिमा आधारित ग्रामीण अर्थतन्त्र यस नगरपालिकाको आर्थिक मेरुदण्ड हो । सरकारी, सहकारी र निजी क्षेत्रको सहभागितामा कृषि तथा पशुपालनको विकास गर्नु आगामी वर्षको नीति तथा कार्यक्रमको उद्देश्य हुनेछ ।

१६. विषम परिस्थितिमा पनि सबै प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ ।



जनकराज मिश्र

आदरणीय नगर सभा सदस्यहरु

अब म आगामी आर्थिक बर्षको प्राथमिकताका क्षेत्र प्रस्तुत गर्न चाहन्छु ।

१७. जनताको जीवन रक्षा, दैनिक उपभोग्य वस्तुको उपलब्धता जस्ता विषयलाई केन्द्रमा राख्दै आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमको प्राथमिकता क्षेत्र निम्न अनुसार हुनेछ ।

क) कोभिड १९ प्रतिकार्य तथा स्वास्थ्य सेवा प्रबन्ध
ख) शिक्षा
ग) खानेपानी, सरसफाई र पोषण
घ) कृषि तथा पशुपालन
ङ) भौतिक निर्माण
च) रोजगारी, सहकारी तथा भूमि व्यवस्था
छ) सूचना तथा सञ्चार प्रविधि
ज) सामाजिक सुरक्षा
झ) वातावरण संरक्षण तथा विपद व्यवस्थापन
ञ) युवा परिचालन
ट) सुशासन तथा संस्थागत क्षमता विकास
ठ)उद्योग तथा पर्यटन विकास
ड) बजार व्यवस्थापन तथा बजार अनुगमन
ढ) राजस्व परिचालन

आदरणीय नगर सभा सदस्यहरु

यिनै सिद्धान्त तथा प्राथमिकतामा रही अब म क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१८. कोभिड १९ को प्रभाव तथा सम्भावित महामारीबाट जनताको जिउ धनको रक्षाको लागि परीक्षण तथा रोग निदान, परामर्श सेवा तथा उपचार, आइसोलेशन व्यवस्थापन आदि उपायहरु अवलम्बन गरिनेछ । हाल स्थापना भएको कोरोना प्रतिकार्य कोषलाई निरन्तरता दिइनेछ । उक्त कोषमा यथेष्ट स्रोत साधनको प्रबन्ध मिलाइनेछ । साथै व्यक्ति तथा संघसंस्थाको योगदानका लागि आह्वान गरिनेछ ।



जनकराज मिश्र
प्रमुख

१९. कोभिड १९ उपर विजय हासिल गर्नका लागि संघ सरकार तथा प्रदेश सरकारको सहयोगमा आगामी आर्थिक वर्षमा १८ वर्ष माथिका सबै नागरिकलाई कोरोना विरुद्धको खोप लगाइनेछ ।

२०. कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणमा सफलता हासिल गर्न स्वास्थ्य उपकरण तथा औषधि आपूर्तिको उचित व्यवस्था मिलाइनेछ । आवश्यकता अनुसार थप आइसोलेसन वार्डको स्थापना गरी उपचारको समुचित प्रबन्ध मिलाइने छ । रोग प्रतिरोधी क्षमता विकास गर्नुका साथै मनोपरामर्श सँग सम्बन्धित कार्यक्रमहरु संचालन गरिने छ ।

२१. प्राथमिक स्वास्थ्य केन्द्रबाट स्तरोन्नति भएको चन्द्रेश्वरअस्पतालको भवनको विस्तृत परियोजना प्रतिवेदन तयार भई टेण्डरमा जाने प्रक्रियामा रहेको छ । आगामी आर्थिक वर्ष दुई वर्ष भित्र सम्पन्न गर्ने गरी यस अस्पताल भवनको निर्माण कार्य शुरु गरिने छ । **एक वडा एक स्वास्थ्य संस्था**को नीति अनुरुप प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरुको सबलीकरण, सुदृढीकरण एवं भौतिक पूर्वाधार विकासमा विशेष जोड दिइने छ ।

२२. उच्च रक्तचाप, मधुमेह, दम, मृगौला, कलेजो र महिलाहरुको पाठेघर सम्बन्धी रोगको रोकथाम, पहिचान, परीक्षण र उपचारका कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । साथै फोक्सोको दीर्घ रोगीलाई सुँघ्ने औषधि निःशुल्क वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत घरदैलो स्वास्थ्य उपचार सेवालाई निरन्तरता दिइने छ ।

२४. मातृ शिशु सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ । यस अन्तर्गत गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण, पोषण सामग्री सहयोग, होम डेलिभरीको अन्त्य, यातायात खर्च वितरण, सुनौला हजार दिनका शिशुको पोषणको सुनिश्चितता जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२५. सुन्दरबजार नगरपालिका वडा नं ९ मा आयुर्वेदिक अस्पतालको सुविधा सम्पन्न भवन निर्माण भएको छ ।संघ सरकारको सहयोगमा उक्त भवनबाट आयुर्वेद चिकित्सक सहित आयुर्वेद सेवा उपलब्ध गराइनेछ । आम नागरिकलाई योगाभ्यास र शारीरिक व्याममा सहितको सक्रिय जीवन पद्धति अपनाउन प्रेरित गरिनेछ । वडाहरुमा व्यामशाला, अरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गर्न प्रोत्साहित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२६. आँखा अस्पताल केन्द्र भोटेवडारबाट आँखा रोग विशेषज्ञको नेतृत्वमा शल्यक्रिया सहितको अत्याधुनिक सेवा उपलब्ध गराईनेछ ।



जनकराज मिश्र
प्रमुख

२७. जोखिम अवस्थामा रहेका नगरबासीहरुको पहिचान गरी आवश्यकता अनुसार मौद्रिक तथा गैर मौद्रिक उपायहरु अवलम्बन गरी राहत वितरण गरिनेछ । राहत वितरण गर्दा**श्रमका आधारमा राहत पद्धति**लाई प्राथमिकता दिइनेछ ।

२८. कोभिड १९ विरुद्ध अग्रपंक्तिमा रहेर काम गरिरहेका स्वास्थ्यकर्मी लगायत सबैको मनोबल उच्च बनाउने गरी कार्यक्रम निर्माण गरिनेछ ।

२९. कोभिड १९ को जोखिमबाट बँच्न आम जनताको स्वास्थ्य सम्बन्धी आनीबानी, व्यबहार र धारणामा सकारात्मक सुधार ल्याउन विविध प्रकारका सचेतना सामग्री विकास गरी प्रसारण गरिनेछ ।

३०. स्वास्थ्य संस्थाहरुमा जनशक्ति व्यवस्थापन र औषधी उपलब्धतालाई केन्द्रित गर्दै समग्र क्षमता विकासमा जोड दिइनेछ ।

३१. खोप लगायत सबै प्रकारका जनस्वास्थ्य प्रबर्द्धन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ, साथै कार्यान्वयन पक्षमा विशेष जोड दिइनेछ ।

३२. **एक घर एक धारा**को नीतिलाई निरन्तरता दिइनेछ, **सबै घरमा पक्की शौचालय** कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाइनेछ । ल्याण्डफिल साइटको सुरक्षित व्यवस्थापन गर्दै नगरपालिका क्षेत्रको फोहोर विसर्जन व्यवस्थालाई थप प्रभावकारी बनाउन वैकल्पिक उपायहरु खोजी गरिनेछ ।

३३. बाल पोषण कार्यक्रम मार्फत खाद्य सुरक्षाको प्रबन्ध मिलाइनेछ ।

३४. नगरपालिकाको आर्थिक मेरुदण्डका रुपमा रहेको कृषि क्षेत्रलाई प्रबर्द्धन गर्दै **समुन्नत, समृद्ध र आत्मनिर्भर सुन्दरबजार** निर्माण गर्नु समग्र कृषि क्षेत्रको नीति हुनेछ ।

३५. कृषि तथा पशुजन्य उपजको लागत कम गरी स्थानीय उत्पादनलाई सुलभ तथा प्रतिस्पर्धी बनाउन बीऊ बिजन, मल र उपकरणमा दिइने अनुदानमा विशेष जोडदिइनेछ ।

३६. कृषि तथा पशुपालनमा सबै प्रकारका अनुदान कार्यक्रमहरुलाई निरन्तरता दिंदै अनुदानको रकम तथा वस्तु किसानको खेत र गोठसम्म पुग्ने गरी नीति तथा कार्यान्वयन व्यवस्था मिलाइनेछ ।

३७. मल, बीऊ, औजार आदि उपकरणको प्रबन्ध, उत्पादन वृद्धि, कृषि उपज संकलन, तथा वितरणमा कृषि सहकारीहरुलाई परिचालन गरिनेछ ।

३८. लामो समयसम्म भण्डारण गर्न सकिने कृषि वस्तुहरुको भण्डारण र सामयिक आपूर्ति व्यवस्था मिलाई खाद्यवस्तु आपूर्ति श्रृंखला (Food Supply Chain)लाई व्यवस्थित गर्न नेपाल सरकार र नगरपालिकाको साझेदारीमा कोल्ड चेम्बर स्थापना गरिनेछ । उक्त कोल्ड चेम्बर सञ्चालनका लागि छुट्टै कार्यविधि निर्माण गरिनेछ ।

३९. उत्पादन र वितरण प्रणालीलाई सूचना प्रविधिसँग जोड्ने नीति लिइनेछ ।

४०. कृषि तथा पशुपालन सम्बन्धी अभिलेख प्रणालीलाई व्यवस्थित गर्न कृषि गणना तथा पशुगणना कार्य सम्पन्न गरिनेछ ।

४१. किसानको उत्पादन खरिद बिक्री, उचित मूल्य निर्धारण र कृषकको बचतलाई सुरक्षित गर्न कृषि सहकारीहरु परिचालन गर्ने नीति लिइनेछ । यसका लागि कृषि सहकारीहरुसँग नियमित रुपमा समन्वय गरिनेछ ।

४२. कृषियोग्य भूमिको अधिकतम उपयोग गर्दै उत्पादन वृद्धि गर्ने साथै सामूहिक भावना विकास गर्ने लक्ष्यका साथ निश्चित परिवार र निश्चित क्षेत्रफलको जग्गा चक्लाबन्दी गरी सामूहिक जग्गा धनी प्रमाण पुर्जा बनाउने किसानहरुलाई जग्गा चक्लाबन्दी गर्दा लाग्ने राजस्वमा निश्चित अंश अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ । यसरी चक्लाबन्दी गरिएको जग्गामा **एक फर्म एक उत्पादन**को नीति अंगीकार गरिनेछ । उक्त फर्ममा कृषि उत्पादन वा पशुपालनका लागि बेरोजगार युवाहरुलाई परिचालन गरिनेछ । साथै त्यस प्रकारका फर्महरुका लागि मल, बीऊ, कृषि उपकरण आदिमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

४३. वडाहरुको नेतृत्वमा खेर गइरहेको बाँझो सार्वजनिक तथा पर्ती जग्गा, खोला किनारको बगर आदि जग्गाको लगत संकलन गरिनेछ । सोका आधारमा नगरपालिकाको भूमि बैंक बनाउन पहल गरिनेछ । यस प्रकारको जमीनको सदुपयोग गर्न सहकारी वा युवा समूहलाई कृषि तथा पशुपालनका लागि लिजमा दिने व्यवस्था मिलाइनेछ ।

४४. कृषि योग्य भुमीको नियमित माटो परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । कृषकहरुलाई माटोका प्रकार, गुणस्तर र हावापानी अनुकुल खेती गर्न एवं उचित मात्रामा मल, बिऊ र विषादिको प्रयोग गर्न प्राविधिक सेवा उपलब्ध गराइनेछ । र यसका लागि नेपाल सरकार कृषि तथा पशुपंक्षी मन्त्रालयबाट विकसित एपको उपयोग गरिनेछ ।

४५. नगरपालिकाको निकासीयोग्य उत्पादनको पहिचान गरी बजार व्यवस्थापनमा कृषकलाई सहयोग गरिनेछ ।

४६. कृषि अनुसन्धानलाई प्राथमिकतामा राख्दै बीऊ उत्पादन तथा रैथाने र परम्परागत बीऊ बिजन संरक्षण गरिनेछ । साथै यिनीहरुको बजारीकरण र अन्तर्राष्ट्रियकरण गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गरिनेछ ।

४७. कागती, मह लगायत कृषि र पशुपालनका पकेट क्षेत्रहरुको स्तरोन्नति गरिनेछ ।

४८. आवश्यकता अनुसार संघ तथा प्रदेशसँग समन्वय गरी खेतीयोग्य जमीनमा सिंचाइको प्रबन्ध मिलाइनेछ । माग र वडाको सिफारिशका साना सिंचाईहरु नगरपालिकाले आवश्यकता अनुसार सञ्चालन गर्ने नीति लिइनेछ ।

४९. कोभिड १९ का कारणले पेशा तथा व्यवसाय गुमाई स्वदेश तथा विदेशबाट नगरपालिका क्षेत्रमा भित्रिएका सीपयुक्त जनशक्तिहरुको लगत संकलन गरी वडा



जनकराज मिश्र

तथा नगरपालिका स्तरमा सूचीकृत गरिनेछ । उनीहरुको ज्ञान, सीप, दक्षता र क्षमता प्रयोग गर्ने गरी रोजगार तथा स्वरोजगार सिर्जना गर्न विशेष अनुदान, सहुलियतपूर्ण ऋण, पेशा व्यवसाय सम्बन्धी अभिमुखीकरण लगायतका सहजीकरणका उपायहरु अवलम्बन गरिनेछ ।साथै उत्पादनका आधारमा प्रोत्साहन अनुदान,पेशा, व्यवसाय र रोजगारीका नयाँ नयाँ सम्भावनाहरुको खोजी गरिनेछ ।

५०. उपभोक्ता समूहले सञ्चालन गर्ने विकास आयोजनाहरुमा सूचीकृत बेरोजगस्थानीय श्रमिकहरु प्रयोग गर्ने व्यवस्था मिलाइनेछ । यसो गर्दा स्थानीय युवाहरुले रोजगारी पाउने, प्राप्त स्रोत साधन स्थानीय श्रम बजार भित्रै रहने र थप आर्थिक क्रियाकलाप सञ्चालन भई पूँजी निर्माण हुने भरपर्दो सम्भावना रहनेछ ।

५१. कोभिड १९ कारण अवरुद्ध प्राय हुन पुगेको सेवा तथा व्यापार क्षेत्रलाई पुनर्जीवन दिई आर्थिक क्रियाकलाप सञ्चालन गर्दै थप रोजगारी सिर्जना गर्न सहजीकरण तथा प्रवर्द्धनात्मक उपायहरु अपनाइनेछ ।

५२. **एक स्थानीय तह एक औद्योगिक ग्राम**का निर्माणर्थ जग्गा प्राप्तिका लागि थप पहल गरिनेछ ।

५३. पेशा व्यवसाय गुमाएका युवा तथा बेरोजगार युवाहरुलाई लक्षित गर्दै **नगर प्रमुख युवा उद्यम विकास तथा रोजगार कोष** स्थापना गरिनेछ । यो कोष सञ्चालनका लागि छुट्टै कार्यविधि बनाई लागु गरिनेछ ।

५४. कोभिड १९ कारण अवरुद्ध बनेको सिकाइ प्रक्रियालाई प्रविधिमैत्री शिक्षा पद्धतिको विकास गर्दै वैकल्पिक माध्यमबाट निरन्तरता दिइनेछ । वैकल्पिक सिकाइ प्रक्रिया सञ्चालनका लागि आवश्यक स्रोत साधनको प्रबन्ध मिलाइनेछ ।

५५. नगरपालिकाको वेबसाइटमा छुट्टै ई-लर्निङ पोर्टलमा प्रचलित डिजिटल सामग्री तथा नगरपालिकाका विषयगत शिक्षक समूह मार्फत थप सामग्री निर्माण गरी अपलोड गर्ने व्यवस्था मिलाइनेछ ।

५६. सिकाइलाई थप प्रभावकारी र दीगो बनाउन दिवा खाजा कार्यक्रम मार्फत बालबालिकाको पोषण अवस्था सुरक्षित गरिनेछ ।

५७. बाल विकास केन्द्रका सहजकर्ताहरुलाई थप सुविधाउपलब्ध गराउने कार्यक्रमलाई बढोत्तरी गरिनेछ ।

५८. विद्यालय शिक्षामा दिइने छात्रवृत्ति, पाठ्यपुस्तक लगायत सबै प्रकारका अनुदानलाई निरन्तरता दिइनेछ ।

५९. सिकाइ पद्धतिको विकासका लागि विषयगत शिक्षक समूह निर्माण तथा परिचालनलाई निरन्तरता दिइनेछ ।

६०. विद्यार्थी संख्या, भौगोलिक अवस्था, शिक्षक संख्याका आधारमा विद्यालय समायोजन कार्यलाई निरन्तरता दिंदै शिक्षक दरबन्दी मिलान गरिनेछ ।



जनकराज मिश्र
प्रमुख

६१. शैक्षिक विकास तथा अनुसन्धान लगायत विविध शैक्षिक कार्यक्रम सञ्चालनका लागि **शिक्षा विकास कोष**लाई निरन्तरता दिइनेछ । यस कोषका सञ्चालनका लागि कार्यविधि बनाई लागु गरिनेछ ।

६२. सरोकारवालाहरुको सहभागितामा नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६३. शिक्षकको पेशागत सहयोग तथा सुपरिवेक्षणमा विषयगत शिक्षक समूह परिचालन गरिनेछ ।

६४. शिक्षा सम्बन्धी विद्यमान कानूनहरु समयानुकूल तथा सर्वस्वीकार्य हुने गरी संशोधन गरिनेछ साथै आवश्यकता अनुसार थप कानूनहरु तर्जुमा गरिनेछ ।

६५. नगरपालिका क्षेत्रलाई वाईफाई जोनका रुपमा विकास गर्दै सबै प्रकारका सेवाहरु आधुनिक प्रविधिमैत्री बनाउने कार्यलाई निरन्तरता दिइनेछ । नगरपालिकालाई **स्मार्ट नगरपालिका**का रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।

६६. विद्यालय स्तरीय प्रतिस्पर्धा, राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सञ्चालन गरी स्थानीय समुदायमा रहेका प्रतिभा पहिचान गरिनेछ ।

६७. विद्यालयहरुलाई सूचना तथा सञ्चार प्रविधिका उपकरण तथा सञ्चालन खर्चमा सहयोग गर्ने नीति लिइनेछ ।

६८. सूचना प्रविधि सम्बन्धी उपकरण व्यवस्थापनमा जोड दिइनेछ । सूचना प्रविधि मैत्री जनशक्ति निर्माणका लागि आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरणको प्रबन्ध मिलाइनेछ ।

६९. सामाजिक सुरक्षाका सबै कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । सामाजिक सुरक्षा भत्ता घरदैलो र हातहातमा पुऱ्याउन वित्तीय संस्थाहरुसँग समन्वय गरिनेछ । साथै अन्य सम्भव उपायहरुको खोजी गरी अवलम्बन गरिनेछ ।

७०. लैंगिक हिंसामा परेका व्यक्तिहरुको तत्काल उद्धारका लागि **लैंगिक हिंसा निवारण कोष**लाई थप योगदान सहित निरन्तरता दिइनेछ ।

७१. अनाथ तथा असहाय बालबालिकाको जीवन रक्षा, शिक्षा र स्वास्थ्यमा सहयोग गर्ने हेतूले **बाल संरक्षण कोष**मा थप योगदान गरिनेछ ।साथै बाल अधिकार प्रबर्द्धनका लागि **बाल कल्याण अधिकृत**को व्यवस्था गरिनेछ ।

७२. सामाजिक विकृतिका रुपमा रहेको बाल बिबाह अन्त्यका लागि सामाजिक परिचालन तथा सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७३. महिला सञ्जाल, बाल सञ्जाल, जेष्ठ नागरिक सञ्जाल परिचालनका लागि स्रोत साधनको प्रबन्ध मिलाइनेछ । यसका लागि छुट्टै कार्यविधि बनाई लागु गरिनेछ ।

७४. नगरपालिका क्षेत्रमा रहेका अल्पसंख्यक तथा सीमान्तकृत जनजाति, दलित समुदायका घर परिवारलाई आय आर्जनका अवसरहरु जुटाउन आवश्यक पहल गरिनेछ ।

७५. मुलुकको परिवर्तनका निमित्त बिगतमा भएका जनयुद्ध, जनक्रान्ति तथा जनआन्दोलनका द्वन्द्व पीडितहरुलाई लक्षित गरी आय आर्जन तथा स्वरोजगारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७६. समाजमा हुने विवाद, मनमुटाव, भै झगडा, लेनदेन, पारिवारिक कलह आदि समस्यालाई दुई पक्षीय छलफल र मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न न्यायिक समितिका कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

७७. **स्वच्छ, सफा, हराभरा सुन्दरबजार**को लक्ष्य प्राप्तिका लागि वातावरण संरक्षण गर्न विभिन्न संघ संस्थाहरुसँग समन्वय गरिनेछ ।

७८. नवीकरणीय उर्जाको क्षेत्रमा जोड दिंदै नगरपालिका क्षेत्रका सबै घरहरुमा बिजुली पुग्ने गरी **उज्यालो घर अभियान**सञ्चालन गरिनेछ ।

७९. आ.व. २०७८/७९ भित्रै नागरिकका सबै घरमा खरका छाना विस्थापन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । चट्याङको उच्च जोखिमा रहेका बस्ती तथा क्षेत्रका घरहरुमा अर्थिङ गर्न निश्चित अंशको अनुदान उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

८०. मानव सिर्जित तथा प्राकृतिक विपत्ति विरुद्ध निर्मित विपद व्यवस्थापन योजनालाई थप परिमार्जन गरिनेछ । साथै थप संस्थागत प्रबन्ध मिलाइनेछ ।

८१. विपदसँग जुध्न **विपद व्यवस्थापन कोष**मा थप योगदान गरिनेछ । कार्यविधि बनाई यस कोष सञ्चालन गरिनेछ । विपद व्यवस्थापनमा नेपाल रेडक्रस सोसाइटी,जुनियर रेडक्रम सकल,नेपाल स्काउट लगायत अन्य सामाजिक संघ संस्थाहरु परिचालन गरिनेछ ।

८२. विपद व्यवस्थापन तथा वातावरण संरक्षणसँग सम्बन्धित कानून एवं नीतिहरुको तर्जूमा तथा कार्यान्वयन अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य गरिनेछ ।

८३. विपदको पुर्व तयारीका लागि सम्भाव्य जोखिमको पहिचान र न्यूनीकरण गर्ने, क्षतिको पूर्वानुमान गर्ने र सतर्कताका लागि पुर्व चेतावनी दिने प्रणाली विकास गरिनेछ ।

८४. राष्ट्र निर्माणको शक्तिका रुपमा रहेको युवाहरुको विकास र व्यवसाय प्रबर्द्धनका लागि वडा तथा नगर स्तरमा युवा सञ्जाल निर्माण गरी परिचालन गरिनेछ । युवाहरुको विकासका लागि खेलकुद, मनोरञ्जन, सिर्जनात्मक क्रियाकलापमा जोड दिइनेछ ।

८५. आफ्नो संस्कृति र परम्परा चिन्ने र त्यस प्रति गौरव महशुस गर्ने, गुण र दोषका आधारमा विचार निर्माण गर्न सक्ने सकारात्मक सोचयुक्त युवा विकासका लागि नगर स्तरीय युवा सञ्जाल सञ्चालनका लागि प्रबन्ध मिलाइनेछ ।

८६. युवाहरुलाई सामूहिक पेशा व्यवसाय सञ्चालन गर्न, रोजगार तथा स्वरोजगार सिर्जना गर्न व्यावसायिक अभिमुखीकरण गरिनेछ । उनीहरुको पेशा व्यवसायमा सहयोग गर्ने नीति लिइनेछ ।

८७. नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि प्राकृतिक, सांस्कृतिक, धार्मिक, शैक्षिक आदि गन्तव्य स्थलहरुको पहिचान गरी आवश्यक सुधार गरिनेछ साथै हाकिङ तथा अन्य पैदल यात्रा मार्गहरु पहिचान र विकास गरिनेछ ।

८८. नगरपालिका अन्तर्गत हाल सञ्चालनमा रहेका होम स्टेयहरुको विकास र प्रवर्द्धनका लागि मागमा आधारित सहयोग प्रदान गरिनेछ ।

८९. आगामी आर्थिक वर्षमा कोभिड १९ का कारण सम्पन्न हुन नसकेको तर प्रक्रियामा रहेको सुन्दरबजार नगरपालिकाको पार्श्वचित्र तथा आवधिक योजना निर्माण कार्य सम्पन्न गरिनेछ ।

९०. विकास निर्माण कार्य तथा सेवा प्रवाहलाई चुस्त, पारदर्शी र व्यवस्थित बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

९१. नगर कार्यपालिका कार्यालयको संगठन तथा संरचनालाई व्यवस्थित गर्नका लागि कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिनेछ । साथै सर्वेक्षण प्रतिवेदन अनुसार संगठनात्मक संरचना तयार गरी सोही बमोजिम दरबन्दी सिर्जना, पदपूर्तिमा आवश्यक पहल गरिनेछ ।

९२. नगरपालिकाको आन्तरिक सक्षमता वृद्धि गर्नका लागि कानून अधिकृत नियुक्ति गरिनेछ ।

९३. नगरपालिका तथा वडाहरुलाई सूचना प्रविधि मैत्री बनाइनेछ । यसका लागि पर्याप्त उपकरण व्यवस्था तथा कर्मचारी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

९४. नगरपालिकाको प्रशासनिक भवनको आन्तरिक संरचना र कम्पाउण्ड वाल लगायतका बाह्य वातावरणीय विकासका निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न गर्ने गरी सञ्चालन गरिनेछ । यसका लागि आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ । वडा कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माण गर्न शुरु गरिनेछ । आगामी दुई वर्ष भित्रमा सबै वडाका वडा कार्यालय भवनहरु निर्माण सम्पन गरिनेछ ।

९५. यस नगरपालिका क्षेत्रमा रहेको मध्य पहाडी लोकमार्ग (पुष्पलाल मार्ग) सम्बन्धी विवाद समाधान गर्न आवश्यक पहल गरिनेछ ।

९६. नगरपालिकाको शहरी क्षेत्रका भित्री सडकहरु लागत सहभागिताका आधारमा कालोपत्रे गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

जनकराज मिश्र
प्रमुख

९७. प्रदेश तथा संघले सञ्चालन गर्ने सडक बाहेकका वडा तथा बस्तीमा रहेका रणनैतिक सडकहरु स्तरोन्नति गर्ने नीति लिइनेछ । नयाँ ट्र्याक् खोल्ने कार्यलाई प्रोत्साहित गरिने छैन ।

९८. विभिन्न आयोजनाहरु छनौट गरी डिपीआर तयार गरिनेछ । व्यवस्थित आयोजना बैंक निर्माण गरी योजना छनौट कार्यलाई पारदर्शी बनाइनेछ ।नगर स्तरीय सडक गुरुयोजना निर्माण गरिनेछ ।

९९. अग्रजहरुको सम्मानमा स्मारक, प्रवेशद्वार बनाउने कार्यलाई निरन्तरता दिइनेछ । जस अनुसार हाललाई वडा नं ४ को सत्रसयमा पुष्पलाल मध्यपहाडी लोकमार्गबाट दुराडाँडा प्रवेश गर्ने सडकको प्रारम्भिक बिन्दुमा हलोक्रान्तिका नायक पण्डित तोयनाथ अधिकारीको स्मृतिमा **तोयनाथ स्मृति शिक्षा द्वार** निर्माण गरिनेछ ।

१००. मुलुक तथा समाजको रुपान्तरणका लागि विभिन्न क्षेत्रबाट योगदान गरेका ऐतिहासिक व्यक्तित्वहरुको स्मरणमा सडक आदि पूर्वाधारको नामाकरण गरिनेछ । जस अनुसार खत्रीठाँटीको पाउँदीपुलदेखि तिलक स्मृति शहीद गेट, हाँडेटार, कुन्छा भञ्ज्याङ हुँदै मध्यनेपालको सीमाना जोड्ने सडकलाई शहीद तिलक पाण्डेको स्मृतिमा **तिलक मार्ग** नामाकरण गरिनेछ । तिलक स्मृति शहीद गेटदेखि परेवाडाँडा देउराली कुन्छा हुँदै भागिरथी भञ्ज्याङ जोड्ने सडकलाई ठाडो भाकाका सर्जक ठाडोभाका शिरोमणि दीर्घराज अधिकारी उर्फ भेडीखर्के साहिंलाको स्मृतिमा **भेडीखर्के मार्ग** नामाकरण गरिनेछ । त्यसै गरी सत्रसयदेखि दुराडाँडा अर्चल्यानी च्यानपाटा तुर्लुङकोट सिन्दुरे हुँदै मध्यनेपालको सीमाना जोड्ने सडकलाई नेपाल राज्य निर्माणमा विशिष्ट योगदान भएका ऐतिहासिक व्यक्तित्व खजे दुराको स्मृतिमा **खजे दुरा मार्ग** नामाकरण गरिनेछ ।

१०१. उद्यमी व्यवसायी र उपभोक्ता बीचको सम्बन्धलाई थप सुमधुर बनाउनु यस नगरपालिकाको बजार व्यवस्थापनको मूल नीति हुनेछ । उद्यमी व्यवसायीको लगानीको संरक्षण गर्नु र उपभोक्ताले उचित समयमै किफायती र गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु बजार व्यवस्थापनको लक्ष्य हुनेछ ।

१०२. **सुन्दरबजार नगरपालिका वडा न. ७ मा रहेको सुन्दरबजार अस्पतालको स्तरोन्नतिको लागी भवन निर्माण गर्न जग्गा प्राप्तिको कार्य अन्तिम चरणमा पुगेकोले आगामी आ.व.२०७८/०७९ मा जग्गा प्राप्ति गरी संघ र प्रदेश सरकार संग आवश्यक बजेट माग गरी निर्माण कार्य अगाडी बढाईनेछ ।**

१०३. पेशा व्यवसाय दर्ता तथा अभिलेखीकरण, दर्ता बमोजिमको उद्यम तथा व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्ने खालका कार्यक्रमहरु निर्माण गरी लागु गरिनेछ ।

१०४. सरकारी निकाय तथा निजी क्षेत्र र उपभोक्ता समेतको सहभागितमा बजार अनुगमन कार्यलाई थप प्रभाकारी बनाउँदै निरन्तरता दिइनेछ ।

१०५. आन्तरिक आय वृद्धि गर्दै नगरपालिकालाई आत्मनिर्भर बनाउने तर्फ राजस्व नीति परिलक्षित हुनेछ । राजस्वको दायरा वृद्धिमा ध्यान दिइनेछ ।

१०६. सबै वडा कार्यालयहरुबाट राजस्व संकलन गर्ने गरी विकास गरिएको सफ्टवेवयरलाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ । यसका लागि वडा सचिवहरुको क्षमता विकासलाई ध्यान दिइनेछ ।

१०७. निजी क्षेत्रका संघ संस्थाहरुसँगको समन्वयमा नगरपालिका क्षेत्र भित्र रहेका व्यवसायहरुको दर्ता गरी व्यवसाय कर संकलनलाई सुनिश्चित गरिनेछ ।

१०८. अन्त्यमा यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने जन प्रतिनिधिहरु, राजनैतिक दलको नेता तथा कार्यकर्ताहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पेशा व्यवसायीहरु, समाजसेवी बुद्धिजीवीहरु, कर्मचारीहरु लगायत आम जनताहरु प्रति धन्यवाद व्यक्त गर्दछु ।

साथै रचनात्मक सरसल्लाह र सुझावको अपेक्षा गर्दछु ।

धन्यवाद ।

२०७८/३/१०

जनकराज मिश्र

प्रमुख